# आर्थिक वर्ष २०७५/०७६ को बजेट तथा कार्यक्रम वक्तव्य

श्रीमान यस सभाका सभापती तथा गंगाजमुनागाउँपालिका अध्यक्ष श्री बल बहादुर अधिकारीज्यू
प्रमुख अतिथि - संविधान सभा सदस्य एवं पूर्व सांसद
जननिर्वाचित गाउँसभाका सम्पूर्ण पदाधिकारीज्यूहरु
विभिन्न पार्टिका पार्टि प्रतिनिधि ज्युहरु,
गंगाजमुनागाउँपालिकाका कार्यकारी अधिकृतज्यू
गंगाजमुनागाउँपालिकाका सम्पुर्ण कर्मचारीज्यूहरु
विषयगत कार्यालयका प्रमुखज्युहरु वा प्रतिनिधिज्यूहरु,
उपस्थित सम्पूर्ण महानुभावहरु,

सर्वप्रथमत, नेपालमा संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक संविधानबमोजिम भएको स्थानीय तहको निर्वाचन मार्फत आफ्नो मतको उपयोग गरी हामीलाई जनप्रतिनिधिको रुपमा यस गंगाजमुनागाउँपालिकामा चयन गरी कार्य गर्ने सुवर्ण अवसर प्रदान गर्नु भएका पनि एक वर्ष वितिसकेको र सो अवधिमा प्रत्यक्ष वा परोक्ष रुपमा काममा सहयोग गर्नुहुने सम्पुर्ण स्थानीयबासीहरु सवैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस अवसरमा विभिन्न आन्दोलनमा देश र जनताको लागि संघर्ष गर्दै जीवन वलिदान गर्ने ज्ञात अज्ञात सहिज्ञदहरु प्रति हार्दिक श्रादाञ्जली अर्पण गर्न चाहन्छु साथै राजनीतिक-सामाजिक परिवेशमा आफ्नो ज्यानको वाजी राखी संघर्ष गर्ने र नेतृत्व लिने सवै मान्यवर, अग्रज र आदरणीय व्यक्तित्वहरु प्रति आदारभाव सहित नमन प्रकट गर्न चाहन्छु ।

स्थानीय तहको दोस्रो  पटक गंगाजमुना बासीको माग चाहाना र आवश्यकता वमोजिम आ.व. ०७५/७६ को नीति वजेट तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा मैले ज्यादै गौरवको महसुस गरेकी छु ।

स्थानीय सरकारको रुपमा हामिले यस गाउँपालिकाको वस्ति र वडाका आवश्यकता तथा माग बमोजिम कृषि, पर्यटन, पुर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक, सांस्कृतिक लगायत सर्वाङिण विकास गर्न उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गर्दै विकासको सम्भावनालाई उजागर गर्ने तर्फ केन्द्रित हुनेछौ ।विकासका क्रियाकलापहरुमा यहाँहरु सवै स्थानीयवासी र जनप्रतिनिधिहरु वाट सहयोग, समन्वय, विश्वास, सद्भाव र सौहार्दपूर्ण वातावरण प्राप्त हुनेछ भन्ने विश्वास लिएका छौं ।

**अध्यक्ष महोदय,**
अब म गंगाजमुनागाउँपालिकाको आगामी सोच, लक्ष्य, र उद्देश्य प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**हाम्रो गंगाजमुनागाउँपालिकाको सोचः**समुन्नत भौतिक सामाजिक पूर्वाधार सहित सास्कृतिक रुपमा मौलिक उत्कृष्ट पर्यटकिय गाउँपालिका वनाउने हाम्रो सोच रहेको छ । त्यसैगरी
**हाम्रो लक्ष्यः** आन्तरिक आयको वृद्धि गर्दै मानविय तथा भौतिक विकासका पक्षमा ध्यान दिई आर्थिक विकासको आधार तय गर्ने तर्फ केन्द्रित हुनेछ ।
**हाम्रोउद्देश्यः** आम जनतालाई विकासका लाभ उपयोग गर्न सक्षम बनाई जनताको जिवनस्तर माथि उठाउने रहेको छ ।

**अध्यक्ष महोदय,**

हाम्रो गाउँपालिकामा विकासकासंभाव्यता बोकेको प्राकृतिक सुन्दरता, जडिबुटि, जैविक विविधता भएकाले आन्तरिक तथा वाह्यय पर्यटकहरुलाई आकर्षित गरी आयआर्जन र रोजगारी बढाउन सकिने छ। पर्यटन प्रचार प्रसार मार्फत आन्तरिक र वाह्य पर्यटक भित्राई यस क्षेत्रमा विकासको मुल फुटाउन सकिनेछ।

यस गाउँपालिकालाई कृषि वाली नगदे बाली, जडिबुटी तथा फलफुल बाली विकास गर्ने र पर्यटन उद्योगलाई वढावा दिन सामाजिक सांस्कृतिक मौलिक कला संस्कृतिको एवं ऐतिहासिक पुरातात्विक सम्पदाको संरक्षण, सुधार र विकास गर्नुपर्नेछ।

**अध्यक्ष महोदय,**

अब म गत आ.व.२०७४/०७५ को लागि संसोधित अनुमान आय व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु।
यस गंगाजमुना गाउँपालिकाको गत आ.व २०७४/०७५ मा उल्लेखित नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न आय तर्फ वितिय समानिकरण अनुदान, सर्सत अनुदान, सामाजिक सुरक्षा भत्ता, एल. जि. सि.डि. पी. र आन्तरीक आय समेत गरी जम्मा रु.३३ करोड ९८ लाख २६ हजार २१५ रुपैया पैतालिस पैसा रहेको छ। कूल विनियोजन मध्ये चालु तर्फ रु १८ करोड ५३ लाख ११ हजार सात सय एकाउन्न, र पुजिगत तर्फ रु १० करोड २४ लाख ८२ हजार चार सय १५ खर्च भई रु ५ करोड २० लाख ३२ हजार ४९ रुपैयाँ मौज्दात रहेको छ

अब म आगामी आ.व.२०७५/०७६ को लागि प्रस्तावित आय व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु।
यस गंगाजमुना गाउँपालिकाको आगामी आ.व. २०७५/०७६ मा उल्लेखित नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न आय तर्फ जम्मा रु.३९ करोड ३२ लाख ८२ हजार ५९ रुपैया विनियोजन गरेको छु। कूल विनियोजन मध्ये चालु तर्फ रु ४ करोड ४० लाख, केन्द ससर्त १२ करोड ४९ लाख, प्रदेश तर्फको सर्सत रु १ करोड ७७ लाख र पुंजिगत खर्च तथा कार्यक्रम तर्फ रु २० करोड ६६ लाख ६९ हजार  रहने व्यवस्था गरिएको छ।

आगामी आ.व. २०७५/०७६ का लागि खर्च व्यहोर्नेश्रोत तर्फ आन्तरिक राजश्वबाट रु. २५ लाख, नेपाल सरकार वित्तिय समानीकरण अनुदान तर्फ १२ करोड ६५ लाख , नेपाल सरकार सर्शत तर्फ रु १२ करोड ४९ लाख, प्रदेश सरकारबाट प्राप्त सर्शत र समानिकारण  तर्फ क्रमशः रु १ कराड ७७ लाख र रु ७७ लाख र गत आ. ब.को वचत रु ५ करोड २० लाख ३२ हजार ४९, गरी जम्मा रु.३९ करोड, ३२ लाख ८२ हजार ५९रहेको छ।

**विनियोजित रकम मध्ये**

**<u>सडक तथा पूर्वाधार तर्फ</u>**: तिनखण्डे, मजुवा भैसे मान्वु सडक योजना रु १ करोड ५० लाख, मनपाङखोला ओडारे हटिया लापुडाडा सडक रु १ करोड ५० लाख, गरगरे सुकभञ्जाङ फुलखर्क गुम्दी सडक तर्फ रु १ करोड ५० लाख र  मझौला सडक तर्फ रु २ करोड  गरि जम्मा ६ करोड ५० लाख विनियोजन गरिएको छ।

**<u>विद्यूतीकरण तर्फ</u>**: गत आ.ब.मा विनियोजन भई खर्च हुन नसकेको र अन्य क्षेत्रको लागि रु १ करोड ६० लाख विनियोजन गरिएको छ।

**कृषि पशु तथा स्वास्थ्य क्षेत्र तर्फ**: कृषि र पशुतर्फ रु २५,२५ लाख विनियोजित गरेकी छु। साथै बडा न. ७ मा कृषी तर्फ रु २० लाख रु रि गाउँ आलु खेती का लागि रु १० लाख विनियोजित गरेकी छु।

गत आवका योजनहरुको अनुगमन गर्न नभ्याएका योजनाकालागि थप अनुगमन र प्राविधिक नापजाच गरी भुक्तानी गर्न रु ५५ लाख विभियोजित गरेकी छु ।
साथै गाउँपालिका घेरावार, खानेपानि र तारजाली विपद ब्यवस्थापन , स्काई ट्रेल जस्ता कार्यक्रमलाई प्राथमिकता दिइएको छ ।
यसका अतिरीक्त बडा स्तरीय योजनाका लागि रु ६ करोड २० लाख विनियोजित गरिएको छ ।

अन्तमा, यस आ.व. २०७५ ७६ को नीति, वजेट तथा कार्यक्रमको तर्जुमा प्रक्रियामा सहयोग पुर्याउनु हुने यस गाउँपालिकाका कार्यकारी अधिकृतलगायत अन्य सम्पुर्ण कर्मचारी, सरकारी कार्यालयका प्रमुख अतिथि ज्यूहरु, नागरिक समाजका अगुवाज्यूहरु, गाउँ सभाका सदस्यज्यूहरु र सम्पूर्ण गाउँपालीकाबासी दाजु भाई तथा दिदि वहिनीहरुलाई धन्यवाद ज्ञापन गर्दै यस गाउँसभामा पाल्नु हुने सम्पूर्ण अतिथि गणहरुलाई धन्यवाद दिदै गाउँवासीका चाहाना र आवश्यकताहरुलाई यस वर्षको नीति वजेट तथा कार्यक्रमले केहि हद् सम्म भएपनि समेट्ने छ भन्ने आशा र विश्वास राख्दै मेरो नीति, वजेट तथा कार्यक्रमको मन्तव्य अन्त्य गर्न चाहन्छु । धन्यवाद !

उपाध्यक्ष
एन्जेला तामाङ
गंगाजमुनागाउँपालीका
फुलखर्क, धादिङ ।